विपद् तथा कोभिड -१९ को महामारीबाट खाद्य सुरक्षामा हुने सम्भावित प्रभाव तथा असरसंग जुध्न र आपतकालिन अवस्थामा खाद्य सुरक्षा नियमितता गराउनका लागि तयार गरिएको

# कोभिड - १९ तथा विपद् पूर्वतयारी र प्रतिकार्य योजना

**खाद्य सुरक्षा ०्लष्टर**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**कर्णाली प्रदेश**

**सुर्खेत**

२०७७

विषयसूचि

१.पृष्ठभूमि ........ 1
२. खाद्यसुरक्षाकोवर्तमानअवस्था ........ 3
३. COVID-19 तथामनसुनलेखाद्यसुरक्षाक्षेत्रकोअनुमानितअवस्था: ........ 5
पुर्वानुमानः ........ 5
४. उद्देश्य: ........ 6
५. खाद्यसुरक्षाविषयगतक्षेत्रकोमनसुनतथाCOVID-19 माआधारितपूर्वतयारीतथाप्रतिकार्ययोजना ........ 7
५.१. कृषितथापशुसेवाक्षेत्रः ........ 8
पूर्वतयारीकाकार्यहरु(Preparedness Actions) ........ 8
मुख्यप्रतिकार्यकाक्रियाकलापहरु(Response Actions) ........ 11
५.२. जीविकोपार्जन ........ 15
पूर्वतयारीकाकार्यहरु ........ 15
मुख्यप्रतिकार्यक्रियाकलापहरु ........ 16
५.३.सहायता (खाध्यतथानिशर्तनगद, नगदमाआधारितनिर्माण÷आयोजना) : ........ 19
पूर्वतयारीकाकार्यहरु(Preparedness Actions) ........ 19
मुख्यप्रतिकार्यक्रियाकलापहरु(Response Actions) ........ 20
५.४.खरिदतथाविक्रीवितरणव्यवस्थापनः ........ 23
पूर्वतयारीकाकार्यहरु(Preparedness Actions) ........ 23
मुख्यप्रतिकार्यक्रियाकलापहरु(Response Actions) ........ 23
६. सरोकारवालानिकायहरुकोभूमिकाः ........ 25
७. अनुगमनतथामूल्याङ्कन ........ 26
श्रोतपरिचालनतथालक्षितरणनीति ........ 27
अनुसूचिहरु ........ 28

## १. पृष्ठभूमि

कर्णाली प्रदेश वर्तमान नेपालको संविधानद्वारा निर्धारण गरिएको छैटौं प्रदेश हो । कर्णाली प्रदेशमा साविक कर्णाली अञ्चलका ५ जिल्ला, भेरीका पहाडी ३ जिल्ला र राप्तीको सल्यान र रुकुम पश्चिम गरी १० जिल्लाहरु सम्मिलित छन् । यस प्रदेशमा २५ नगरपालिका र ५४ गाउँपालिका गरी कुल ७९ स्थानीय तह र अन्तर्गत७१८ वडाहरु रहेका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार कर्णाली प्रदेशको जनसंख्या १५,७०,४१८मध्ये करिव ५५ प्रतिशत जनसंख्या कृषि पेशामा निर्भर छन् । यस प्रदेशका जनताको मुख्य पेशा र जीविकोपार्जनको मूल आधार कृषि हो । कर्णाली प्रदेशले नेपालको कुल भू-भागको २१.६ प्रतिशत जमिन ओगटेको छ ।प्रदेशको २५,२५,२७५ हेक्टर जमिन मध्ये २,१६,८८० हेक्टर अर्थात् करिब ८.५ प्रतिशत जमिनमा खेती भईरहेको र ३.३ प्रतिशत खेतीयोग्य जमिन बाँझो र गैरकृषि कार्यमा प्रयोग भईरहेको अवस्था छ ( कर्णाली प्रदेश भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय, वार्षिक प्रगति पुस्तिका, २०७५/७६)।नेपालकोकृषिउत्पादनमाकर्णालीप्रदेशकोयोगदानकरिब४प्रतिशतमात्र देखिन्छ । कर्णाली प्रदेशले नेपालको कुल उत्पादन मध्ये ४.८९ प्रतिशत खाद्यान्न, २.६७ प्रतिशत फलफूल तथा २.९७ प्रतिशत तरकारी उत्पादन गर्दछ । राष्ट्रियजनगणना २०६८अनुसार करिब ८५ प्रतिशत कृषि जमिनमा खाद्यान्न, ८ प्रतिशतमा दलहन खेती, ३ प्रतिशतमा कन्दमूल र २ प्रतिशतमा तरकारी खेती गरेको देखिन्छ । यस प्रदेशमा स्याउ, ओखर, सुन्तला जातका फलफूल र केरा व्यावसायिक रुपलेखेतीगरिएका महत्वपूर्ण फलफूलहरु हुन् र देशकै ४३ प्रतिशत स्याउ यसै प्रदेशमा उत्पादन हुन्छ । त्यस्तै, पशुपंक्षीको रुपमा हिमाली क्षेत्रमा चौंरी, भेडा र च्यांग्रा पालन गरिन्छन् भने बाँकी भूभागमा गाई, भैंसी, बाख्रा, सुँगुर, घोडा, हाँस, कुखुरा पालन भइरहेको छ ।

खाद्य सुरक्षाको अवस्था हेर्दा कर्णाली प्रदेश अन्य प्रदेशको तुलनामा बढी जोखिममा रहेको देखिन्छ । नेपाल जनसांख्यिक सर्वेक्षण २०१६ (वि.सं २०७३) अनुसार कर्णाली प्रदेशमा केबल २२.५५ प्रतिशत घरपरिवार खाद्य सुरक्षित छन् भने १७.७५ प्रतिशत घरपरिवार चरम (गम्भीर) खाद्य असुरक्षामा रहेको पाइन्छ । भौगोलिक बनावट, जलवायु परिवर्तनको असर र कृषि क्षेत्रको विकासका पूर्वाधारहरु सिंचाइ, सडक, बिजुली, उन्नत प्रविधिहरु, बजार व्यवसाय आदिको प्रयाप्त विकास नहुनु रयिकुराहरुमा राष्ट्रको ध्यान केन्द्रित नहुनाले कर्णाली अन्य प्रदेशको तुलनामा पछाडि परेको छ । यही परिवेशले गर्दा कर्णालीमा खाद्य उत्पादनमा अपेक्षित वृद्धि हुन सकेको छैन भने गैरकृषि रोजगारको अभाव, आगमन असुविधा र गरिबहरुको खाद्यमा कमजोर पहुँचका कारण पनि खाद्य सुरक्षाको जोखिम अझै पेचिलो रुपमा विद्यमान छ । कर्णाली प्रदेशको मानव सूचकांक ०.४११ मात्र छ जसले खाद्य सुरक्षा र पोषण, स्वास्थ्य पनि कमजोर भएको पुष्टि गर्दछ । प्रदेशमा५ वर्ष मूनिका तौल नपुगेका बालबालिकाहरु ५५ प्रतिशत छन् । नवजात शिशु र शिशु मृत्युदर दुबै नेपालको औषत दर भन्दा निकै उच्च क्रमशः २९ र ४७ रहेको छ । ५ वर्ष उमेर मुनिका ५३ प्रतिशत बालबालिका अझै कुपोषित र ५४.५ प्रतिशत पुड्कोपन रहेको छ ।अहिले चीनको वुहानमा पहिलोपटक देखिएको कोरोना भाइरस यो शताब्दीका लागि विश्वव्यापी महामारीको अनुभव हो । तर पनि कर्णालीमा विभिन्न महामारीको १२५ वर्षे इतिहास भेटिन्छ । यहाँ विक्रम सम्बत् १९५१ यता लगभग सबै दशकमा कुनै न कुनै मानव तथा पशुजन्य महामारी फैलिएको पाइन्छ। कर्णालीमा प्लेग, बिफर, हैजा, झाडापखाला, रुघाखोकी, ठेउला र ज्वरोको महामारी भएको देखिन्छ । कर्णालीमा १९५१ सालमा सरसफाइको कमीले हैजा फैलिएको थियो जुन एक सय वर्षसम्म महामारीको रुपमा चलिरह्यो । १९७५ सालमा ज्वरोखोकीले भयानाक महामारीको रुप लियो । २०१४ सालमा बिफरको महामारी थियो । २०२६

सालमा रुघाखोकीले कैयौंको मृत्यु भयो । २०४३ सालमा हुम्लाको दक्षिणी भागमा हैजा र औलोसंगै फैलिएको थियो । २०४५ सालमा भोटक्षेत्रका किर्मी र लिमीमा औलो फैलिएको थियो । २०६६ सालमा जाजरकोटमा हैजा र झाडापखाला महामारी फैलिएको थियो । २०७१ सालमा जाजरकोटमा इन्फ्लुएन्जा महामारी अहिलेको कोरोना जस्तै थियो । त्यस्तै कर्णालीका अधिकांश मान्छेको जीविका पशुपालनसंग जोडिएको हुनाले १९८२, १९९२, २००८ र २०२३ मा पशुरोगको महामारीले धेरै गोठ रित्तो पारेको थियो । १९७२ देखि १९७४ सम्म खडेरीले कर्णालीमा व्यापक अनिकाल पारेको थियो । त्यस्तै २००८, २०१७, २०२२, २०२९ सालमा पनि खडेरीले अनिकाल निम्त्याएको थियो ।

मानवीय अस्तित्व संकटमा पर्ने गरी फैलिएको कोभिड १९ महामारी नेपालमा आजको मितिसम्म **४०८५** जनामा देखिएको छ (**१०** जुन २०२०) । यो संख्यामा अझै वृद्धि हुने अनुमान पनि गरिएको छ । हालसम्म कर्णालीमा **७०८** जना संक्रमित व्यक्ति प्रमाणित भएको छ (**१०** जुन २०२०)। यद्दपि नेपालमा यो महामारीको सम्भावित प्रसारको जोखिम देखिन्छ र कर्णाली प्रदेशमा पनि यसको जोखिम बढ्दो छ । धेरैजसो महामारीका अगाडि र पछाडि समुदायले अभाव र अनिकाल भोग्छ जसले भोकमरी र कुपोषण ल्याँउछ । अहिलेको सन्दर्भमा देश नै बन्दाबन्दीमा भएकोले समयमा मल, बिउबीजन, विषादी तथा कृषि सामाग्री आदिको आपूर्ति सामान्य बेलाको जस्तोसहज नहुनाले कृषि तथा उत्पादनमा प्रत्यक्ष प्रभावित पारेको छ । विश्व महामारीका कारण औपचारिक तथा अनौपचारिक क्षेत्रमा रोजगारी गर्ने कर्णालीवासी आफ्ना रोजगार गुमाई भारत लगायत तेस्रो मुलुकबाट प्रदेश भित्रिने क्रम जारी छ । महामारी विश्वभर लामो समय रहे कर्णालीमा खाद्यवस्तुको उपलब्धतामा प्रभाव पर्न सक्छ र खाद्य असुरक्षाको सम्भावना बढेर जान सक्छ । दैनिक ज्याला मजदुरहरुको रोजगारी र आम्दानीमा व्यापक क्षति भएको हुनाले पर्याप्त खाना र पोषण स्थितिमा जोखिमको सामना गर्नु पर्ने देखिन्छ । प्रदेश तथा स्थानीय तहमा खाद्य सुरक्षा अवस्थाको तथ्याङ्कको अभावले गर्दा लक्षित समूह वा क्षेत्र पहिचान नहुनु, खाद्यवस्तुको सर्वसुलभ पहुँच र उपलब्धतामा कमी र स्थानीय रैथाने बालीको विस्तारै लोप र उपभोगमा कमी हुँदै जानु र बाहिरी आयातित खाद्यवस्तुमा निर्भर हुनाले खाद्य सुरक्षा र पोषणका क्षेत्रमा थप जटिलता बढ्दै गएको छ ।सम्भावित खाद्य असुरक्षाबाट जोगाउन प्रदेश सरकारले कर्णालीको लागि उपयुक्त कृषि, खाद्य सुरक्षा तथा पोषण सम्बन्धी रणनीति र कार्यनीतिहरु बनाई प्रभावकारी कार्यान्वियन गर्नु अपरिहार्य छ र कृषिलाई जीवन निर्वाहको पेशाबाट व्यवसायिक पेशामा रुपान्तरण गर्न विशेष कार्यक्रम संचालन गर्नुपर्छ ।कर्णालीमा कृषिलाई अझ व्यावसायीकरण, यान्त्रिकीकरण, आधुनिकीकरणद्वारा उत्पादन र मुल्य शृङ्खला वृद्धि गरी कृषि क्षेत्रमा आर्थिक वृद्धिको ठुलो संभावना छ ।

प्रभावकारी विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०७५ ले विषयगत अवधारणा (Cluster approach) लाई अवलम्बन गरेको छ । राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५ ले संघीय तहमा खाद्य सुरक्षा लगायत ११ वटा विषयगत क्षेत्रहरु (cluster) को पहिचान गरेको छ । साथै प्रादेशिक आन्तरिक मामिला तथा कानून मन्त्रालयले जारी गरेको कर्णाली प्रदेश विपद् जोखिम तथा व्यवस्थापन नियमावली, २०७६ मा विपद आइपरेका खण्डमा खाद्य तथा पोषण क्षेत्र क्रियाशील बनाउने प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको काम, कर्तव्यमा पनि उल्लेख भएको छ ।सोही अनुरुप आपतकालिन अवस्थामाकर्णाली प्रदेशमा खाद्य सुरक्षा क्षेत्र क्रियाशीलगरी सोको पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउन र सम्बन्धित तहमा सरकारी तथा गैरसरकारी संस्थाहरुबीच प्रभावकारी समन्वय गर्नको

लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलेनेतृत्व (lead) र विश्व खाद्य कार्यक्रम सह-नेतृत्व (co-lead) को रुपमा काम गर्ने हिसाबले खाद्य सुरक्षा क्षेत्रको गठन भएको छ ।

## २. खाद्य सुरक्षाको वर्तमान अवस्था

***खाद्य सुरक्षाको बर्तमान अवस्था र विगतः***

बिगत देखी नै खाद्य असुरक्षा तथा भोकमरीको उपमा पाउँदै आएको कर्णाली क्षेत्रमा पछील्ला केही बर्ष यता खाद्य सुरक्षाको अवस्था सुधारउन्मुख हुँदै आईरहेको पाईन्छ । यसको कारण मुख्यतया सडक सञ्जालको विस्तार सँगसँगै खेति प्रणालीमा सुधार आउनु र खाद्य सुरक्षाको विषयमा आम रुपमा जनचेतनामा विकास हुँदै गरेको अवस्थालाई मान्न सकिन्छ । यातायातको विकास तथा विस्तारको कारण उपलब्धतामा सहजता, आधुनिक खेती प्रणाली तिर अग्रसरता, खाना खाने बानी तथा सरसफाईमा सुधार र यी सबै कुरामा केहि नियमितता लाई लिन सकिन्छ । यद्यपी नियमित खाद्य सुरक्षा अवस्थाको अनुगमन गर्ने पद्धतिको अभावका कारण कुनै तथ्यमा आधारित भएर कति देखी कति प्रतिशतले खाद्य सुरक्षामा सुधार भयो भन्न सकिने अवस्था भने छैन ।

प्रदेश भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयकले तयार पारेको पछिल्लो खाद्य वासलात (आ. व. ०७५र७६) अनुसारप्रदेशमाजम्मा २३,४२० मे.ट. खाद्यान्न अपुग छ भन्ने देखिन्छ। जस अनुसार प्रदेशका सूर्खेत, सल्यान, रुकुम पश्चिम र दैलेख जिल्ला खाद्यान्न बचत हुने जिल्लामा पर्दछन भने बाँकी जाजरकोट लगायत अन्य हिमाली पाँच गरि जम्मा ६ जिल्ला खाद्यान्न अपुग जिल्लामा पर्दछन् । कर्णालीका १० जिल्ला मध्ये सल्यान बाहेकका ९ जिल्लामा खाद्य व्यवस्था तथा ब्यापार कम्पनी लिमिटेडले बिभिन्न ३४ वटा ठाउँबाट खाद्यान्न बितरण गर्दै आईरहेको छ भने सूर्खेतको विरेन्द्रनगरमा प्रदेश स्तरको मुख्य गोदामको व्यवस्था गरेको छ । हालको अवस्थामा यस कम्पनीका विभिन्न गोदाममा करिव ३,८०० मे.ट. चामल सर्वसाधारणलाई बिक्रिवितरणको लागि मौजदात रहेको तथ्यांक छ ।जिल्ला उद्योग वाणीज्य संघहरुका अनुसार हालको अवस्थामा पनि कम्तिमा बजारमा १ देखी २ महिना सम्मलाई पुग्ने खाद्यान्न उपलब्ध रहेको आँकडा छ। हुम्ला जिल्लामा भने वर्तमान अवस्थामा बजारमा खाद्यान्न सञ्चिति नरहेको भन्ने छ ।

हालै प्रदेश सरकार, भूमि ब्यबस्था कृषि तथा सहकारी मन्त्रालय अन्तरगतका निकायहरुसंगको आन्तरिक छलफल अनुसार कर्णाली प्रदेशमा आवश्यक पर्ने तरकारीजन्य बस्तुहरुको माग र आपुर्तिका सम्बन्धमा स्थलगत अनुगमन तथा जिल्ला स्थित कार्यालयहरुमा फोन सम्पर्क गर्दाप्रदेश भित्रकेहीसिमित प्रकारका उत्पादित तरकारी जन्य बस्तुहरुखास गरि साग, काक्रा,लौका, सिमि, काउलि, बन्दा, स्क्वास,फर्सि, बोडिजस्ता उपजहरुले बजारलाई थेगिरहेको अवस्था छ भने, बर्षे मौसममा उत्पादन हुने तरकारीको बजारिकरण तथा बिक्रि बितरणका लागि भने अन्य प्रदेश सरकार संग समन्वय तथा सहजिकरण गर्न पर्ने देखिन्छ ।उत्पादित कृषि उपजहरुको मूल्य सामान्य अवस्थामा भन्दा लगभग ५० % सम्म बढी भएको पाईन्छ । सबै भन्दा बढी मूल्य बृद्धि टमाटरमा दोब्बरभन्दा बढी सम्म भएको छ । हाल बजारमा कुनै पनि फलफूलहरुको उपलब्धता छैन ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सहकार्यमा, विश्व खाद्य कार्यक्रम EPIUnit र FAO ले सुदुरपश्चिम र कर्णाली प्रदेशका मध्य पहाडी तथा हिमाली जिल्लाका घरधुरीहरुमा सन् २०१८ सेप्टेम्वरमा Baseline Survey गरी, विभिन्न समय अन्तरालमा आवधिक रुपमा उक्त सर्भेक्षण नियमित रुपमा गर्दै आईरहेकोमा, पछील्लो पाँचौ पटकको सर्भेक्षणको नतिजा, जनवरी २०१९ लाई हेर्ने हो भने समग्रमा कर्णालीमा २८ प्रतिशत घरधुरीहरुले ब्यक्तिलाई आवश्यक पर्ने प्रयाप्त खाद्यवस्तु उपभोग नगरेको पाइएको छ भने ८ प्रतिशत घरधुरीहरुले अति न्युन

अपर्याप्त खाद्य वस्तु उपभोग गरेको पाइएको छ । अर्को शब्दमा भन्नु पर्दा जुन भोकमरीको अवस्था हो । कर्णालीकोहिमालीजिल्लामागम्भीरखाद्यअसुरिक्षितजनसंख्यालगभग२३प्रतिशतकोहाराहारीमाछ,जुनसमग्रकर्णालीकोतुलनामातिनगुणाबढीहो।यसलेकेदेखाउंछभनेकर्णालीहिमालीजिल्लाहरुखाद्य असुरक्षाकोअतिजोखिममाछजस्को कारणहरुमा न्युन स्थानिय कृषि उत्पादन तथा उत्पादकत्व, आयआर्जनका मुख्य श्रोतहरुको कमि र खाना खाने वानी र सरसफाई जस्ता तथ्यहरुपाइएको छ ।

सन् २०१३ मा विश्व बैंकले गरेको अध्ययनको आधारमा निकालिएको गरिवी सम्बन्धि तथ्यांकलाई हालका पालिकाहरुमा दाँजेर हेर्ने हो भने कर्णालीका ७९ पालिकाहरुमा कम्तिमा २० देखी बढीमा ७२ प्रतिशत सम्म गरिवी रहेको पाईन्छ । हालको कर्णाली प्रदेशका खासगरी कालिकोटका ८, हुम्लाका ५, जुम्लामा ५ र डोल्पाका १ गरि जम्मा १९ पालिकाहरुमा ५१ देखी ७२ प्रतिशत सम्मको गरिवी रहेको देखाउँदछ । त्यसैगरि सन २०१४ मा केन्द्रिय तथ्यांक विभाग, विश्व खाद्य कार्यक्रम, यूनिसेफ र विश्व बैंकले संयुक्त रुपमा गरेको अध्ययनको आधारमा निकालिएको खाद्य गरिवी सम्बन्धि तथ्यांकलाई हालका पालिकाहरुमा दाँजेर हेर्ने हो भने पनि कर्णालीका पालिकाहरुमा कम्तिमा २३ देखी बढीमा ७९ प्रतिशत सम्म खाद्य गरिवी भएको देखिन्छ । हालको कर्णाली प्रदेशका खासगरी कालिकोटका ८, हुम्लाका ५, जुम्लामा १ र मुगुमा १ गरि जम्मा १५ पालिकाहरुमा ४९ देखी ७९ प्रतिशत सम्मको खाद्य गरिवी रहेको अवस्थालाई देखाउँदछ । यस्तै गरि सोही अध्ययनमा  पुड्कोपना को तथ्यलाई हेर्ने हो भने कर्णालीमा सबैभन्दा धेरै पुड्कोपना मुगु, डोल्पा, जुम्ला, हुम्ला र कालिकोट जिल्लामा देखीन्छ जसका आधारमा यी जिल्लामा पुड्कोपना ५६ देखी ६० प्रतिशत सम्म रहेको पाईन्छ ।

नेपाल खाद्य सुरक्षा अनुगमण प्रणालीले Integrated Food Security Phase Classification को आधारमा आवधिक रुपमा गरेको चरण वर्गीकरण को आधारमा विगत २००८ देखी २०१६ सम्म विभिन्न अवधिमा कुन क्षेत्र सापेक्षिक रुपमा कति धेरै वा कति धेरै पटक कुन चरणको खाद्य असुरक्षाको मारमा परेको थियो अथवा दोहोरीरहेको थियो भन्ने आधारमा हेर्दा पनि कालिकोट, जुम्ला, मुगु, डोल्पा र हुम्ला का धेरै पालिकाहरु धेरै पटक खाद्य असुरक्षाको मारमा परेको देखिन्छ भने सँग सँगै दैलेख र जाजरकोट जिल्लाका केही पालिकाहरु पनि खाद्य असुरक्षाको मारमा समस्या भोगिरहेको भन्ने देखिन्छ । यो भनेको दिर्घकालिन खाद्य असुरक्षाको समस्या हो ।

कर्णाली प्रदेशमा १४,०८२ घरेलु तथा साना उद्योग तथा १९,७३२ लघु उद्यम रहेका छन् (श्रोतः घरेलु तथा साना उद्योग कार्यालय, सुर्खेत तथा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम )। १२,१२५ कृषि तथा वनमा आधारित लघु उद्यमहरु रहेका छन् । ४,३३७ लघु उद्यमीहरु तरकारी खेतीमा संलग्न रहेका छन् भने १,२६३ जना खाद्य प्रशोधनमा संलग्न छन् । १,०४९ जनाले फाइवर प्रोडक्सन गरिरहेका छन् भने ८१३ जना मौरीपालनमा संलग्न छन । १९,७३२ जना लघु उद्यमीहरुले २ अर्ब ७२ करोड बार्षिक नाफा गरिरहेको तथ्याङ्क रहेको छ । कोभिड-१९ ले सबै वर्ग तथा तहका मानिस तथा व्यवसायहरुलाई असर पार्ने भएता पनि गरिवीको रेखा मुनि रहेका  मानिसहरु तथा लघु उद्यमीहरुलाई घातक असर पार्ने निश्चितप्राय छ ।

**संघिय ब्यवस्थामा प्रदेश स्थापना पछी कार्यगतिलाई दिशानिर्देश तथा सहजिकरण गर्न भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गरेका नितिगत प्रयास तथा उपलब्धिहरुः**

१. हाल सम्म दुई वटा बिधेयकहरु, सहकारी संस्थाहरुलाई ब्यवस्थापन गर्न बनेको बिधेयक, २०७५र कर्णाली प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ पास भै ऐनको रुपमा उपलब्ध भैसकेको अवस्था छ ।

२.	खाद्य सुरक्षा तथा खाद्य अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्न बनेको विधेयक, २०७५लगाएत ७ वटा अन्य विधेयकहरु सदनका बिचाराधिन अवस्थामा अन्तिम चरणमा छन् ।

३.	११ वटा कार्यनीतिहरु छन् ।

**३.COVID-19 तथा मनसुनले खाद्य सुरक्षाक्षेत्रको अनुमानितअवस्था :**

राष्ट्रिय आंकलन अनुसार कर्णाली प्रदेशमा तपशिल अनुसारको संक्रमित अवस्था आंकलन गरिएको छ ।

| प्रभावित व्यक्तिहरु | राष्ट्रिय आंकलन १५००[1] संक्रमित हुंदा | कर्णाली प्रदेशमा १५० संक्रमित पुग्ने अनुमान छ । | राष्ट्रिय आंकलन १५०००० संक्रमित हुंदा | कणाली प्रदेशमा १५००० संक्रमित पुग्ने अनुमान छ । |
|---|---|---|---|---|
| महिला | ७५७ | ७६ | ७५७५० | ७५७५ |
| पुरुष | १७४३ | ७५ | ७४२५० | ७४२५ |
| प्रजनन् उमेरका महिला | ३७५ | ३८ | ३७५०० | ३७५० |
| अपांग | ३० | ३ | ३००० | ३०० |
| गर्भवती | ६० | ६ | ६००० | ६०० |
| वृद्ध | १२८ | १३ | १२७५० | १२७५ |
| न्वजातशिशु | ३३ | ४ | ३३०० | ३३० |
| सुत्केरी | १५९ | १६ | १५९०० | १५९० |
| उच्च रक्तचापका विरामी | २४९ | २५ | २४९०० | २४९० |
| मधुमेह | ५९ | ६ | ५९०० | ५९० |
| मुटुरोग | ३३ | ४ | ३३०० | ३३० |

**पुर्वानुमान :**

- प्रदेशका करिब ७० हजार जनसंख्या अस्थाई रोजगारीको लागि भारतमा रहेकोमा करिब २० हजार जनसंख्या प्रदेश भित्रिने सम्भावना छ । साथै तेश्रो मुलुकबाट समेत उद्धार गरी थप जनसंख्या भित्रिन सक्नेछन् ।
- प्रदेशको सबै स्थानिय तहमा गरी करिब १ लाख परिवार चरम खाद्य असुरक्षाको जोखिममा पर्न सक्नेछन् ।
- प्रदेशको अर्थतन्त्र मुख्यत पर्यटन क्षेत्रको राजस्व र आप्रवासी कामदारको रेमिटयान्समा निर्भर रहेकोमा यी दुवै क्षेत्रबाट प्राप्त हुने आम्दानीमा उल्लेख्य कमि आउने छ ।

[1] *1500 is based on the ratio population/patients experienced in China. It is used as a rough approximation of the expected number of cases in Nepal:  Nepal's population is 2% of China's. Expected Cases = 70,000 x .02 = 1,400*

- प्रदेशमा कुल २१६,८८० (७२.४५%) हेक्टर जमिन खेति गर्न योग्य भएकोमा करिब ३८,०३३ हेक्टर क्षेत्रफलमा मात्र बर्षैभरि सिंचाई सुविधा भएकोले प्रर्याप्त उत्पादन नहुने तथा लकडाउनको अवस्थामा कृषि क्षेत्रमा काम गर्ने जनशक्ति स्वदेश फर्किन नसक्ने र मल, बिउ विजन, विषादी आदीको आपुर्तीमा समस्या आउने हुंदा उत्पादनमा ह्रास आउने देखिन्छ ।
- प्रदेशमा हाल ४१,०६० मे.ट. खाद्यान्न उपलब्ध रहेको र सबै क्षेत्रमा समान वितरण भएको खण्डमा ४२ दिन सम्म मात्र खान पुग्ने देखिन्छ ।
- भारत तथा अन्य मुलुकहरु आफै पनि कोरोना महामारीका चपेटामा परेकाले खाद्यान्न निर्यात गर्न नसक्ने अवस्था आउन सक्ने हुनाले हाल भारतबाट आयातमा निर्भर रहेको हाम्रो स्थितिमा खाद्य आपूर्ति श्रृंखलामा अवरुद्ध हुनेछ ।
- प्रदेशमा महिला ५१ प्रतिशत, बालबालिका ५२ प्रतिशत, ज्येष्ठ नागरिक ३.५ प्रतिशत र अपाङ्गता भएका व्यक्तिहरु ३ प्रतिशत रहेको छन् । ५३ प्रतिशत ५ वर्ष उमेर मुनीका वालवालिका अझै कुपोषित छन् । कोभिड १९ का कारण बालबालिका तथा जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरुको स्वास्थ्य तथा पोषणमा सबैभन्दा बढी नकारात्मक असर पर्ने देखिन्छ ।
- मनसूनी वर्षाले बाढी तथा पहिरोको सम्भाव्यता बढाई मानवीय प्रभाव बढाउंछ र यसको आफ्नै प्रतिक्रियाको आवश्यक पर्दछ ।
- महामारी तथा संकटले सम्भावित रुपमा गुनासोहरु, अविश्वास, स्वास्थ्य सेवाको पहुँच, रोजगारी र अन्य जीविकोपार्जनका लागि गरिने क्रियाकलापहरुमा अन्यायको भावना, द्वन्द उत्पन्न गर्दछ जसले विकास, शान्ति र सामाजिक मेलमिलापलाई कमजोर पार्दछ ।

**४. उद्देश्य** :

खाद्य सुरक्षा पूर्वतयारी तथा प्रतिकार्य योजनाको मूख्य उद्देश्यविभिन्न सरोकारवाला निकायहरु संग समन्वय गरी अन्तर सहयोगलाई प्रबर्ध्दनगर्ने र कोभिड - १९ बाट हुनसक्ने खाद्य सुरक्षा जोखिमको पूर्व तयारी र प्रतिकार्यका लागि आवश्यक सहयोग, सहकार्य र समन्वय गरी भोकमरी तथा प्रकोपबाट प्रभावित व्यक्तिहरुको जीवन र जीविकोपार्जन बचाउन छिटो, उचित र प्रभावकारी सुविधा सुनिश्चित गर्ने र तिनीहरुको जीविका पुननिर्माण गर्नको लागि प्रारम्भिक पुनःप्राप्तिका गतिविधिहरु अवलम्बन गर्ने हो । यसका लागि खाद्य सुरक्षा समूह निम्नानुसारका कार्यहरुमा जोड दिनेछ ।

- कृषि तथा पशु सेवा उत्पादन क्षेत्रमा उल्लेख्य बृद्धि गरि खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने ।
- जीविकोपार्जनका लागि उद्यमशिलता तथा मेड मोडलमा आधारित विभिन्न कृषिजन्य वा अन्य उद्यम कार्यक्रमहरु मार्फत दिगो तथा वैकल्पिक आयआर्जनको सुनिश्चितता गर्ने
- कोभिड - १९ तथा प्रकोपको समयमा चरम खाद्य असुरक्षा भएका परिवारलाई खाध्य तथा नगद अनुदान ( सर्शत/ निर्शत ) प्रदान गर्ने ।
- कोभिड - १९ तथा प्रकोपको अवस्थामा खाद्यपदार्थको खरिद तथा विक्री वितरण को सहज ब्यवस्थापन मार्फत जोखिम समुदायमा खाद्य सुरक्षा सुनिश्चित गर्ने ।

**५. खाद्य सुरक्षा विषयगत क्षेत्रको मनसुन तथा COVID-19 मा आधारित पूर्व तयारी तथा प्रतिकार्य योजना**

प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, WFP, KISAN II, Suahara, Helvetas, Save the children लगायत अन्य विकास साझेदार संघसंस्थाहरुले संयुक्त रुपमा कोभिड १९ को लागि पूर्व तयारी तथा प्रतिकार्यका क्रियाकलापहरु तयार गरी कार्यन्वयन गरिनेछ ।

यस खाद्य सुरक्षा समूहले पोषण क्लस्टर, बन्दोबस्ती क्लस्टर, सामाजिक आर्थिक रिकभरी क्लस्टर आदिसंग नजिकबाट समन्वय र सहकार्य गरी खाद्यान्नको उपलब्धता र पहुँच सुनिश्चित गर्ने भूमिका खेल्दछ ।

## ५.१. कृषि तथा पशु सेवा क्षेत्रः

**पूर्व तयारीका कार्यहरु (Preparedness Actions)**

| क स | मुख्य क्रियाक्लापहरु | जिम्मेवार निकाय | सहयोगि निकाय | बजेट श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आवश्यक समयमा उपलब्ध हुने गरि विभिन्न सुचना तथा तथ्यांकहरु अध्यावधिक गरिराख्न र प्रतिबेदन तयार गर्न सूचित गर्ने । | प्रदेश मन्त्रालयमा स्थापित प्रदेशस्तरिय खाद्य सुरक्षा सूचना केन्द्र तथा निर्देशनालयहरु | विश्व खाद्य कार्यक्रम र अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु | | |
| २ | पूर्ववत रुपमा प्रदेश, जिल्ला र पालिका स्तरको कृषि तथा पशु क्षेत्र उत्पादन, उपलब्धता र आवश्यकताका साथ साथै अन्य क्षेत्रको समेत खाद्यान्न उपलब्धतालाई समायोजन गरि आवश्यकता उपलब्धता र खाडल निर्धारण गर्ने। साथै बिभिन्न सूचकका आधारमा जिल्ला तथा पालिका अनुसार खाद्य असुरक्षितरप्रभावित हुन सक्ने क्षेत्र तथा जनसंख्या पनि आँकलन गर्ने। | प्रदेश मन्त्रालयमा स्थापित प्रदेशस्तरिय खाद्य सुरक्षा सूचना केन्द्र तथा निर्देशनालयहरुको नेतृत्वमा सबै पालिकाहरु, खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी, CCIs | विश्व खाद्य कार्यक्रम र अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | कोभिड तथा मनसुनका कारण प्रभावित हुन सक्ने खाद्य असुरक्षित तथा जोखिममा रहन सक्ने घरधुरीहरुको आँकलन गर्नेर विस्तृतजीविकोपार्जन र कृषि क्षति आँकलनको विवरण तयार पार्ने। | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरुको समन्वयमा ७९ वटा पालिकाहरु | विश्व खाद्य कार्यक्रम | | नियमित तथा आवधिक रुपमा |
| ४ | प्रतिकार्य तथा विपदमा खटिने कर्मचारीका लागि व्यक्तिगत सुरक्षा सामाग्रिको व्यवस्था मिलाउनुका साथै विपद्को समयमा गरिने कृषि कार्य सम्वन्धि तालिमको प्रवन्ध मिलाउने । | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरुको समन्वयमा ७९ वटा पालिकाहरु | संघिय सरकार तथा सुरक्षा निकाय | | |
| ५ | विपद् तथा खाद्य सुरक्षा सम्वन्धि संदेशमुलक कार्यक्रम (रेडियो मार्फत, होडिङ्बोर्ड आदि) विकास तथासञ्चालन गर्ने । | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरुको समन्वयमा ७९ वटा पालिकाहरु | किसान २ परियोजना | किसान २ परियोजना | |
| ६ | कृषिसँग सम्वन्धित जलवायु पूर्व सुचना प्रणाली स्थापना गरी कृषक समुदायलाई सुचना प्रवाह गर्ने । | जल तथा मौषम विज्ञान बिभागको प्रदेश कार्यालय, प्रदेश मन्त्रालय तथा निर्देशनालयहरुको समन्वयमा ७९ वटा पालिकाहरु | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | कृषकहरुको जोखिम न्यूनीकरण र अनुकूलन क्षमता बढाउने तथा बाली तथा पशुपंछीविमाको प्रिमियममा टप अप सहित कृषकहरूलाइ यस तर्फ बढी आकर्षित गर्ने । | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरु | विमा कम्पनीहरू र स्थानीय पालिकाहरू | प्रदेश मन्त्रालयको ५० लाख | |
| ८ | उच्च मूल्य काकृ षिवस्तु, रैथानेबालीतथाजडीबुटीकोउत्पादनमावृद्धिगरीआन्तरिकरवाह्यबजारमानिर्यातगर्नेव्यवस्थामिलाउने। | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरु | स्थानीय पालिकाहरू | | |
| ९ | व्यवसायिक कृषि उत्पादनका लागि आवश्यक कृषि ऋणको उपलब्धता सुनिश्चित गर्ने । | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरु | विमा कम्पनीहरू र स्थानीय पालिकाहरू | | |

**मुख्य प्रतिकार्यका क्रियाकलापहरु** (Response Actions)

| क्र स | मुख्य क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगि निकाय | बजेट श्रोत | कफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश, जिल्ला र पालिका स्तरको कृषि तथा पशु क्षेत्र उत्पादनको उपलब्धता र आवश्यकताको अवस्थाको वारेमा द्रुत अध्यावधिक गर्ने तथा बिभिन्न सूचकका आधारमा जिल्ला तथा पालिका अनुसार खाद्य असुरक्षित क्षेत्रको बर्गीकरण गर्ने । | प्रदेश मन्त्रालयमा स्थापित प्रदेशस्तरिय खाद्य सुरक्षा सूचना केन्द्र तथा निर्देशनालयहरुको नेतृत्वमा सबै पालिकाहरु, खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी, ICCS | विश्व खाद्य कार्यक्रम र अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु | | प्रत्यक्ष तथा जुम छलफल |
| २ | सुचना ब्यवस्थापन तथा अवस्था विश्लेशण सम्वन्धि कार्य प्रभावकारी रुपमा सम्पादन गर्नका लागि प्रदेश तथा जिल्ला स्तरमा फोकल ब्यक्ति तोक्नुका साथै द्रुत सहायता सेवा सञ्चालनमा ल्याउने । | प्रदेश मन्त्रालय, निर्देशनालयहरु, जिल्ला स्थित कार्यालयहरु | विश्व खाद्य कार्यक्रम र अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु | | प्रत्यक्षतथा जुम छलफल |
| ३ | कृषकहरुको जोखिम न्यूनीकरण र अनुकूलन क्षमता बढाउने तथा बाली तथा पशुपंछीविमाको प्रिमियममा टप अप सहित कृषकहरूलाइ यस तर्फ बढी आकर्षित गर्ने । | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरु | विमा कम्पनीहरू र स्थानीय पालिकाहरू | प्रदेश मन्त्रालयको ५० लाख | |
| ४ | **साझेदारीमा आधारित प्राविधिक सहितको एक" (कृषि तथा पशुपन्छी ) पालिका दुई उत्पादनविशेष कार्यक्रम "**सञ्चालन गर्ने | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरुको समन्वयमा ७९ वटा पालिकाहरु | बिषयगत परियोजनाहरू | प्रदेश मन्त्रालयको **रू ३९ . करोड** ५० लाख | |
| ५ | युवा उद्यमीहरूलाई सहुलियतपूर्णकर्जा र ब्याज अनुदान उपलब्ध गराई कृषि उद्यमशीलता विकास गरी स्वरोजगारी सृजनाका लागि प्रोत्साहनगर्ने | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरुको समन्वयमा ७९ वटा पालिकाहरु | वित्तिय संस्थाहरू | प्रदेश मन्त्रालयको **५करोड ५० लाख** | |
| ६ | कृषि उत्पादन तथा ब्यवसायमा प्राकृतिक प्रकोपबाट हुने क्षती न्यूनीकरण र विपद्लाई शीघ्र सम्बोधन गर्न तथा पशुपन्छीका महामारी रोग नियन्त्रण गर्न आवश्यक भ्याक्सिन उपलब्ध गराउने पशुपन्छी रोग , प्रकोपको क्षती न्यूनिकरण र ,निदान कार्यक्रम आकस्मिक बाली संरक्षण सेवा प्रदान गर्ने | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरु | ७९ वटा पालिकाहरु | प्रदेश मन्त्रालयको २ करोड | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | कृषक समुह कृषि उद्यमी तथा सहकारीहरूलाई नयाँ , प्रविधियुक्त कृषि यान्त्रीकरण उपलव्ध गराई | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरु | ७९ वटा पालिकाहरु | प्रदेश मन्त्रालयको **५करोड २५ लाख** | |
| ८ | पशुपंछी प्रयोगशालाको क्षमता विकासगरी गुणस्तरीय सेवा प्रवाहका लागि जिल्लास्तरीय भेटेरीनरी प्रयोगशालाको सुदृढीकरण तथा प्रदेश स्तरीय रिफरल अस्पतालको स्थापना र सञ्चालन गर्ने । | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरु | ७९ वटा पालिकाहरु | प्रदेश मन्त्रालयको **रू ५करोड ५० लाख** | |
| ९ | व्यवसायिक एवं उन्नत नक्ष्लका पशुपंछी मत्स्य , मौरीपालन र उच्च मूल्यका पंछीपालनलाई ,पालन चौंरी र घाँसको श्रोतकेन्द्र स्थापना र प्रवर्ध्दन गर्ने | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरु | ७९ वटा पालिकाहरु | प्रदेश मन्त्रालयको **रू ७ करोड १० लाख** | |
| १० | अति विपन्न किसान ,अपांग ,घाइते ,महिला ,दलित , सुकुम्वासी र ,द्वन्दपीडितसिमान्तकृत समुदाय तथा वर्गलाई आत्मनिर्भर बनाउन सरकार सिधै जनतामा पुग्नेगरी "**किसान सरकार हातेमालो कार्यक्रम**", सञ्चालन गर्ने | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरु | ७९ वटा पालिकाहरु | प्रदेश मन्त्रालयको **रू ५ करोड**५० लाख | |
| ११ | समृध्द कर्णालीका लागि सहकारी अभियान कार्यक्रम सञ्चालन गर्ने | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरु | सम्बन्धित पालिकाहरु | प्रदेश मन्त्रालयको रू ३ करोड५० लाख | |
| १२ | लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन र निरन्तरता दिने । | प्रदेश मन्त्रालय, निर्देशनालयहरु, जिल्ला स्थित कार्यालयहरु | सम्बन्धितप्रदेश सभा सदस्यहरू | प्रदेश मन्त्रालयको ८ करोड | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | मौसमी तथा बेमौसमी अन्न तथा तरकारी खेती लागि बीउ विजन तथा प्राविधिक सहयोग गर्ने । | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरुको समन्वयमा ७९ वटा पालिकाहरु | ७९ वटा पालिकाहरु | | |
| १४ | कृषकहरूलाई आधारभूत कृषि उत्पादन सामग्री ) ( विषादी ,उपकरण ,औजार ,नश्ल ,वेर्ना ,विउ ,मल को समयमै उपलव्धता हुने सुनिश्चितताका लागि प्रांगारिक मल तथा जैविकविषादीको बिक्रि मूल्यमा सहुलियत र श्रोत केन्द्र स्थापना गर्ने | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरु | ७९ वटा पालिकाहरु | प्रदेश मन्त्रालयको १ करोड | |
| १५ | बर्षा तथा खडेरी सहन सक्नेखालका बाली तथा तरकारी खेति गर्न प्रविधि र विउ विजनमा कृषकलाई सहयोग तथा प्रोत्साहन गर्ने । | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरुको समन्वयमा ७९ वटा पालिकाहरु | ७९ वटा पालिकाहरु | | |
| १६ | भारततथाअन्यदेशबाटफर्केकायुवाहरुलाईलक्षितगरी कृषिरपशुपालनसम्बन्धी२महिनेव्यवसायिकसाक्षरता कक्षा (कृषिव्यवसायसम्बन्धीतालिम) संचालनगर्ने।तालिमपश्चातबांझोजमिनलाईपनिउप योगमाल्याउनप्रोत्साहनगरिनेछ। | | किसान २ परियोजना | १०००००० | सुर्खेत, दैलेख, जाजरकोट, सल्यानररुकुमपश्चिमकाभारततथाअन्यदेशबाट फर्केकायुवाहरु लाइलक्षितगरी करीव५०००व्यक्तिहरुलाई |
| १७ | कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने खालका प्राविधिक तालिमहरु सञ्चालन गर्ने । | | किसान २ परियोजना | १५००००० | सुर्खेत, दैलेख, जाजरकोट, सल्यान र रुकुम पश्चिम ९१५००० घरधुरीहरु |
| १८ | खाद्यसुरक्षास्थितिमासुधारकोलागिमकैबालीलाईवैकल्पिकबालीकोरुपमाल्याउनव्यवसायिकमकैउत्पादनसम्बन्धीप्राविधिकतालिमसंचालनगर्ने। | | किसान २ परियोजना | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | एक घर एक बगैंचा र करेसाबारीको अवधारणा मार्फत जैविक विविधताको प्रवर्दन गर्ने । | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरुको समन्वयमा ७९ वटा पालिकाहरु | ७९ वटा पालिकाहरु | | सुआहाराबाट जनशक्ति परिचालन र प्राविधिक सहयोग |
| २० | सौर्य, विद्युत, मानवीय लगायत शक्तिबाट सञ्चालन गर्ने साना सिंचाई, प्लाष्टिक पोखरी, हिउँ पोखरी, थाइ जार लगायतमा विशेष सुबिधा दिने । | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरुको समन्वयमा ७९ वटा पालिकाहरु | बिषयगत परियोजनाहरू, किसान २ परियोजना | प्रदेश मन्त्रालयको २७ करोड | |
| २१ | नदी किनारका जमिन, संभाव्य सरकारी र सार्बजनिक बाँझो जग्गा, कम उपयोग भएका जमिनमा बाली लगाउन र पशुपालन गर्न प्रोत्साहित गरी कृषि प्रयोजनमा सदुपयोग गर्नचक्लाबन्दी कार्यक्रम तथा ***खाद्य शंकट न्यूनिकरणका लागि बाँझो जग्गा उपयोग कार्यक्रम सञ्चालन गर्ने*** | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरुको समन्वयमा ७९ वटा पालिकाहरु | सहकारी संस्थाहरू | प्रदेश मन्त्रालयको ११ करोड ३२ लाख | |
| २२ | विपन्न तथा उपेक्षित घरधुरीका लागि कृषि सामग्री (स्थानीय जातको वालीको वीउ, कृषि उपकरण, भण्डारण सामग्री आदि) सहयोग गर्ने। | | एन. एम . ए. परियोजना , हेल्भेटास नेपाल | ३००,००० | ५०० अपेक्षित लाभान्वित पातरासी, जुम्ला र छाँयानाथ रारा, मुगु |
| २३ | जलवायुजन्य जोखिम सहनसक्ने नयाँ तथा पुराना रैथाने बालीहरु संरक्षणका लागि सामुदायिक विउँ बैंकहरु स्थापना गर्ने | नेपाल सरकार , वन तथा वातावरण मन्त्रालय र विश्व खाद्य कार्यक्रम | पेस नेपाल जुम्ला, हुरेण्डेक नेपाल कालीकोट , आरसिडिसी मुगु र सम्बन्धित स्थानीय सरकार | ३०,००,०० ० | ६०० अपेक्षित लाभान्वित घरधुरी |
| २४ | प्राङ्गारिक मल उत्पादन तथा विषादि निर्माण र प्राङ्गारिक खेति प्रबर्ध्दनकालागि समुदाय स्तरमा | | एन.एम .ए. परियोजना , हेल्भेटास नेपाल | ३००,००० | १००० अपेक्षित लाभान्वित |

| | | | | | |
|---|---|---|---|---|---|
| | श्रोत केन्द्र स्थापना गरी प्राङ्गारिक खेति अभ्यास विस्तार गर्ने। | | | | घरधुरी चामुन्डाबिन्द्रा सैनीनगरपालिका, दैलेख |
| २५ | किसानहरुलाई वास्तविक समयको कृषि, मौसमी तथा हावापानी सम्बन्धि सूचना (real-time agro-meteorological information) उपलब्ध गराउने । | प्रदेश मन्त्रालय तथा प्रदेश हावापानी कार्यालय | विषयगत सरकारी तथा गैर सरकारी सँग संस्थाहरु | | |
| २६ | प्रदेशका पहिचानजन्यनिर्यातयोग्यरैथाने वालीहरू ) र (वेसार र आलु ,अदुवा ,मह ,सिमी ,स्याउ अर्गानिकउत्पादनको बजार प्रबर्ध्दन र निर्यातका लागि सहजीकरण गर्न कर्णाली ब्राण्ड निर्माण , प्रांगारिक ,प्रांगारिक पदार्थ बजारीकरण सहयोग प्रमाणीकरणका लागि सर्टिफिकेशन लागतप्रदान गर्ने | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरुको समन्वयमा ७९ वटा पालिकाहरु | किसान २ परियोजना, ASDP | प्रदेश मन्त्रालयको **रू ३ करोड** | |

## ५.२. जीविकोपार्जन

### पूर्व तयारीका कार्यहरु

| क्रसं. | मुख्य क्रियाकलापहरु | जिम्मेवार निकायहरु | सहयोगी निकायहरु | बजेट स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रकोप प्रभावितक्षेत्रहरुको जीविकोपार्जन प्रोफाइलिङ्ग र जीविकोपार्जनशैली ढाँचा नक्सांकन गर्ने | प्रदेश मन्त्रालय | विषयगत सरकारी तथा गैर सरकारी सँघ संस्थाहरु | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कृषि वन प्रबर्ध्दनकालागि पकेट क्षेत्र निर्धारण गर्न पूर्वतयारी गर्ने । | सम्वन्धित प्रदेश मन्त्रालयहरु | विषयगत सरकारी तथा गैर सरकारी सँघ संस्थाहरु | | |
| ३ | स्थानिय वन तथा कृषि उत्पादन बाट सञ्चालन हुन सक्ने अध्ययन तथा नक्शांकन गर्ने । | सम्वन्धित प्रदेश मन्त्रालयहरु | विषयगत सरकारी तथा गैर सरकारी सँघ संस्थाहरु | | |
| ४ | वैदेशिक रोजगारबाट सिकेको सीप तथा ज्ञानलाई स्वदेशमै प्रयोग गरी उद्यमशिलतामा आधारित मेड मोडलको प्रयोग गरि कृषि तथा पशुमा आधारित लघु उद्यम संचालन गरि स्थानिय स्तरमा रोजगारी सिर्जना गर्ने । | सम्वन्धित प्रदेश मन्त्रालयहरु | मेड्पा र विषयगत सरकारी तथा गैर सरकारी सँघ संस्थाहरु | | |
| ५ | प्रदेशभित्र निर्माण र उत्पादन रोजगारका अवसर तथा सम्भावना पहिचान गरी रोजगार कार्यक्रम संचालन गर्ने । | सम्वन्धित प्रदेश मन्त्रालयहरु | विषयगत सरकारी तथा गैर सरकारी सँघ संस्थाहरु | | |
| ६ | महिला र युवा लक्षित उद्यमशीलता सम्बन्धी विशेष कार्यक्रमहरु संचालन गर्ने । | सम्वन्धित प्रदेश मन्त्रालयहरु | विषयगत सरकारी तथा गैर सरकारी सँघ संस्थाहरु | | |
| ७ | वन क्षेत्रको माध्यमबाट उद्यम विकास तथा रोजगारीका अवसरहरु सिर्जना गर्ने । | सम्वन्धित प्रदेश मन्त्रालयहरु | विषयगत सरकारी तथा गैर सरकारी सँघ संस्थाहरु | | |

**मुख्य प्रतिकार्य क्रियाकलापहरु**

| क्र स | मुख्य क्रियाकलापहरु | जिम्मेवार निकायहरु | सहयोगी निकायहरु | बजेट वा स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | मौसमी रोजगारीका लागि प्रवास जाने प्रवृतिलाई अन्त्य गर्न स्थानीय तहमै उद्यमशिलतामा आधारित मेड मोडलको प्रयोग गरि रोजगार तथा स्वरोजगार कार्यक्रम संचालन गर्ने । | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | मेड्पा र विषयगत सरकारी तथा गैर सरकारी सँघ संस्थाहरु | | |
| २ | उद्यमशिलतामा आधारित मेड मोडलको उपयोग गरि कृषिमा आधारित लघु उद्यमहरुको प्रवर्दन गर्ने । | प्रदेश मन्त्रालय तथा निर्देशनालयहरुको समन्वयमा ७९ वटा पालिकाहरु | ७९ वटा पालिकाहरु/ मेड्पा टि ए कर्णाली | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रदेशले प्राविधिक सहयोग गर्ने । | | |
